गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
गोरखा, नेपाल

फोन नं. ०६४-४२०९१८
इमेल : docgorkhahospital@gmail.com

पत्र संख्या:- ०८३ / ०८४
चलानी नं -:.

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय प्रदेश अस्पताल गोरखा, नेपाल

# करार पदपुर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३।०४।०७**

यस प्रदेश अस्पताल, गोरखामा रिक्त रहेको तपशिल बमोजिमका पदहरुमा स्थायी नियुक्ति वा अन्य प्रक्रियाबाट पदपुर्ति भई आएमा स्वतः करार अवधी समाप्त हुने गरी "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९" अनुसार प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा लिई पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदबारहरुले मिति २०८३/०४/२५ गते भित्र वा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोही लगतै कार्यालय खुलेको पहिलो दिन सम्म दरखास्त फारम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह / श्रेणी | न्युनतम शैक्षिक योग्यता | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्र.१/०८३-८४ | मेडिकल अधिकृत | आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तिर्ण भई नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | ३ | **स्वीकृत दरवन्दी करार – २, अ.व्य.स. – १** |
| २. | प्र.२/०८३-८४ | स्टाफ नर्स | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १३ | **प्रदेश कार्यक्रम करार** |
| ३. | प्र.३/०८३-८४ | हेल्थ असिष्टेन्ट | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिष्टेन्ट विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | २ | **प्रदेश कार्यक्रम करार** |
| ४. | प्र.४/०८३-८४ | रेडियोग्राफर | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १ | **प्रदेश कार्यक्रम करार** |
| ५. | प्र.५/०८३-८४ | फार्मेसी सहायक | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १ | **प्रदेश कार्यक्रम करार** |
| ६. | प्र.६/०८३-८४ | ल्याब टेक्निसियन | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट मे. ल्याब टेक्निसियन विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | २ | **प्रदेश कार्यक्रम करार** |
| ७. | प्र.७/०८३-८४ | सुचना प्रविधि सहायक | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट सुचना प्रविधि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको। | १ | **प्रदेश कार्यक्रम करार** |
| ८. | प्र.८/०८३-८४ | एनेस्थेसिया सहायक | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसिया विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १ | **प्रदेश कार्यक्रम करार** |
| ९. | प्र.९/०८३-८४ | डेन्टल हाईजेनिस्ट | पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट डेन्टल हाईजेनिष्ट विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको। | १ | **प्रदेश कार्यक्रम करार** |

फोन नं. ०६४-४२०९१८
इमेल : docgorkhahospital@gmail.com

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रदेश अस्पताल
गोरखा, नेपाल

पत्र संख्याः- ०८३ / ०८४
चलानी नं -:.

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय प्रदेश अस्पताल गोरखा, नेपाल

**तपशिल:**

१. **दरखास्त फाराम:-** यस अस्पतालको प्रशासन शाखाबाट उपलब्ध गराइने छ । साथै प्रदेश अस्पताल,गोरखाको वेभसाइट gorkhahospital.gov.np वा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेवसाईट moh.gandaki.gov.np मा डाउनलोड गरि दरखास्त फाराम संग संलग्न गर्नु पर्ने कागजातहरु सहित यस अस्पतालमा दरखास्त पेश गर्नुपर्नेछ ।

२. **पेश गर्नुपर्ने कागजात:-** उमेद्वारको व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, म्याद कायम रहेको/ नविकरण गरिएको सम्बन्धित विषयको काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, चारीत्रिक प्रमाणपत्रको प्रतिलिपि र परिक्षा दस्तुर जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्ने । साथै प्रमाणपत्रहरुको सक्कल प्रति लिई अन्तर्वार्तामा उपस्थित हुनुपर्ने छ ।

३. **परिक्षा दस्तुर:-** आठौं तहको लागि रु १२००/- (एक हजार दुई सय) र पाँचौं तहको लागि रु ७००/- (सात सय ) ।

४. **परिक्षा दस्तुर जम्मा गर्नको लागि:-** राजस्व शिर्षक नं. १४२२४ (परिक्षा शुल्क), कार्यालयको नाम:- प्रदेश अस्पताल,गोरखा । कार्यालयको कोड:- ३७००१३६०१४, बैंक :- राष्ट्रिय वाणिज्य बैंक

५. **उम्मेदवार हुनको लागि योग्यता :-**
क) नेपाली नागरिक हुनुपर्नेछ ।
ख) भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ ।
ग) भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्नेछ ।

- तलवः- प्रदेश करारको हकमा गण्डकी प्रदेश सरकारको प्रचलित नियमानुसार र अस्पताल व्यवस्थापन समिति तर्फको हकमा अस्पताल व्यवस्थापन समितिको नियमानुसार हुनेछ ।
- दरखास्त साथ पेश गरेको प्रमाणपत्रका प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
- दरखास्त दिने अन्तिम मितिः- २०८३/०४/२५ कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा परेमा सो लगतै कार्यालय खुलेको दिन सम्म हुनेछ ।
- परिक्षाको किसिम:- आवश्यकता अनुसार लिखित, अन्तर्वाता तथा प्रयोगात्मक परीक्षा ।
- अन्तरवार्ता हुने स्थान, मितिः र समय - प्रदेश अस्पताल, गोरखाको सुचना पाटी, अस्पतालको वेभसाइट gorkhahospital.gov.np साथै अस्पतालको आधिकारिक फेसबुक पेजमा प्रकाशित गरिनेछ ।

**नोटः यस बिषयमा थप जानकारी लिनुपरेमा अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।**

**पदपूर्ति तथा अन्तरवार्ता समिति**